**Patan Pragya** *(Volume: 8, Number: 1 2021)* *ISSN No. 2595-3278*

Received Date: Jan. 2021 Revised: April 2021 Accepted: June 2021

https://doi.org/10.3126/pragya.v8i01.42447

# कोभिड-१९ ले नेपाली अर्थतन्त्रका विभिन्न क्षेत्रमा पारेको असर

डा. गोकर्णप्रसाद ज्ञवाली*

## लेख सार

कोरोना महामारीले विश्व अर्थतन्त्र र नेपालको सम्पूर्ण आर्थिक क्षेत्रहरु निकै गहिरो ढंगले प्रभावित भएका छन् । खासगरी, कोरोना भाइरस नियन्त्रणका लागि गरिएको लकडाउन, निशेधाज्ञा र विभिन्न स्थानहरुमा जान आउन लगाइएको प्रतिवन्धले सामाजिक, आर्थिक, मनोबैज्ञानिक तथा सांस्कृतिक क्षेत्रहरु अस्तव्यस्त भएका छन् । करिब डेढ वर्षयता आर्थिक गतिविधिका सम्पूर्ण क्षेत्रहरु ठप्प प्राय छन, जसका कारण त्यहा कार्यरत ६० प्रतिशत श्रमिकले तलब नपाएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ । संयुक्त राष्ट्रसंघको एकप्रतिवेदन (२०२१) ले नेपालका २५ लाख ७० हजार व्यक्तिले लकडाउनको अवधिमा रोजगारी गुमाएको र करिब साढे २१ लाख नेपाली पुनः चरम गरिवीमा फसेको जनाएको छ । सोहि प्रतिवेदनका अनुसार लकडाउनकै कारण करिब ७ प्रतिशतले गरिबी वढेको छ भने ठुलो संख्यामा बालबालिकाहरु मानसिक रुपले प्रभावित बनेका छन् । त्यस्तै, केहि समय पहिले अन्तराष्ट्रिय श्रमसंगठन, आइ एल ओ (२०२०) ले प्रकासित गरेको प्रतिवेदन अनुसार, कोभिड-१९ को कारणले ३७ लाख नेपालीहरुले रोजगारी गुमाएको उल्लेख गरिएको थियो । कोभिड-१९ को कारणले विशेष गरि पर्यटन, होटेल ब्यबशाय, उद्योग तथा कलकारखाना, यातायात र अन्य उत्पादनमुलक क्षेत्रहरु अत्यन्त प्रभावित बनेका छन् भने अनौपचारिक क्षेत्रमा कार्यरत ठुलो संख्या जीवन धान्ने संकट वाट गुज्रिरहेको छ । यो लेखले कोभिड-१९ ले नेपालको अर्थतन्त्रका विभिन्न क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्ने छ ।

**मुख्य शब्दहरु:** उदियमान अर्थतन्त्र, महामारी, प्रशोधन, निशेधाज्ञा, मुद्रास्फीति

## परिचय

चीनको वुहान शहरवाट २०१९ को अन्त्यतिरबाट फैलिएको हालको कोरोना भाईरस (कोभीड–१९) ले मानव जीवनमा ठुलो असर गरेको छ जसले हालसम्म ( डिसेम्बर २५, २०२१) विश्वस्तरमा चौन्न लाख एघार हजार (५, ४११,४७३) मानिसहरुको मृत्यु भईसकेको छ भने नेपालमा एघार हजार पाँच सय बयासी (११,५८२) मानिसको मृत्यु भैसकेको छ । मानव इतिहासमा यस्ता रोगहरु विभिन्न अवधिमा विश्व स्तरमा फैलिएको मानिन्छ जसले ठुलो जन धनको क्षति पुर्याउनुका साथै दुनियाको राजनीतिक नक्शा, नेतृत्व र विचारधारामा पनि परिवतर्न गराएको मानिन्छ । त्यसैले अहिले विश्वब्यापी बनेको कोभिड-१९ महामारीलाइ रोगहरुको निरन्तरताको रुपमा लिदैयो एक स्वास्थ्य समस्या, राजनीतिक र

*डा. ज्ञवाली, पाटन संयुक्त क्याम्पस, मानवशास्त्र विभागमा प्राध्यापनरत हुनुहुन्छ ।

आर्थिक प्रकृयाको रुपमा पनि लिनु पर्ने मानिन्छ । कोभिड-१९ले मानव जीवनका सम्पूर्ण क्षेत्रमा प्रभाव पारेको भएपनि यसको अत्यधिक प्रभाव आर्थिक क्षेत्रमा परेको देखिन्छ ।

## उद्देश्य र विधि

यो लेखको मुख्य उद्धेश्य कोभिड-१९ ले नेपालको आर्थिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्दै अर्थतन्त्रका मुख्य क्षेत्रहरुको वर्तमान अवस्थाको विश्लेषण गर्नु रहेको छ । त्यस्तैगरि यो लेखले विश्व अर्थतन्त्र र नेपालि अर्थतन्त्रका मुख्य पक्ष्यहरुको पनि विश्लेषण गर्ने छ । यो लेख लेखनका लागि मुलत द्धितियक स्रोतहरुको प्रयोग गरिने छ जसमा नेपाल रास्ट्र बैंक, विश्व बैंक, एशियाली विकास बैंक, अन्तरास्ट्रिय मुद्रा कोष, श्रम तथा रोजगार मन्त्रालय, उद्योग मन्त्रालय, नेपाल सरकारका विभिन्न प्रतिवेदनहरु, केन्द्रीय तथ्यांक विभागका तथ्यांकहरू, विभिन्न संघ संस्थाका अनुसन्धान प्रतिवेदनहरु, पत्र पत्रिकामा प्रकाशन भएका लेखहरु, लगायत अन्य सम्वन्धि विषयवस्तुहरुलाइ लिइएको छ ।

## विश्व अर्थतन्त्रमा कोभिड-१९ को असर

विश्व बैक (२०२०)ले गरेको प्रक्षेपण अनुसार, सन् १८७० पछिको सबै भन्दा धेरै प्रतिव्यक्ति आम्दानीमा संकुचन आएको वर्ष सन्२०२० हो जुन कोभिड-१९ को कारणले सिर्जित भएको थियो । कोभिड-१९ को कारणले विश्वको विकसित अर्थतन्त्रमा ७ प्रतिशतले संकुचन आउने रविकान्सोंमुख अर्थतन्त्रमा २.५ प्रतिशतले संकुचन आउने अनुमान गरिएको थियो । पूर्वी एशिया र प्यासिफिक क्षेत्रको अर्थतन्त्रमा ०.५ प्रतिशतले बृद्दि हुनेछ भने दक्षिण एशियाको अर्थतन्त्रमा २.७ प्रतिशतले संकुचन आउने अनुमान गरिएको थियो । त्यस्तैगरी सब सहारा अफ्रिका मा २.८ , मध्य पूर्व र उत्तर अफ्रिकामा ४.२ , युरोप र मध्य एशियामा ४.७ र ल्याटिन अमेरिकामा ७.२ प्रतिशतले संकुचन आउने अनुमान गरेको थियो । त्यस्तै गरि अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२० मा विश्व अर्थतन्त्र ४.९ प्रतिशतले संकुचन हुने प्रक्षेपण गरेको थियो भने विश्वका शक्तिशाली देशहरुलाई हेर्ने हो भने अमेरिकाको आर्थिक बृद्दिदर ६ प्रतिशतले र युरोपको ६. ६ प्रतिशतले खुम्चने अनुमान गरिएको थियो । यी विभिन्न अन्तरास्ट्रिय संस्थाहरुको उक्त अनुमान सन् २०२१मा लागु हुने देखिन्छ । विश्व बैंक र एशियाली विकास बैंकले हाल विश्वमा फैलिरहेको कोभिड-१९ को प्रभावहरुको आधारमा सन् २०२१ मा पनि विश्व अर्थतन्त्र सन् २०२०को जस्तै पुनरुक्ति हुने अनुमान गरेका छन । यी अनुमानहरुको विपरित, अर्थमन्त्रालयले वि.स.२०७८ जेठमा प्रकाशित गरेको आर्थिक सर्वेक्षण २०७७/७८ ले सन् २०२१मा विश्वअर्थतन्त्र ६.० प्रतिशतले विस्तार हुने अन्तरास्ट्रिय मुद्रा कोषको प्रक्षेपणलाइ उल्लेख गरेको छ । उक्त सर्वेक्षणमा विश्व अर्थतन्त्रलाई निम्नानुसारको तालिका मार्फत प्रस्तुत गरिएको छ :

**तालिका न.१: विश्व आर्थिक वृद्धि दर (प्रतिशतमा)**

| अर्थतन्त्र | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ |
|---|---|---|---|---|---|---|
| विश्व अर्थतन्त्र | ३.३ | ३.८ | ३.६ | २.८ | -३.३ | ६.० |
| विकशित अर्थतन्त्र | १.८ | २.५ | २.३ | १.६ | -४.७ | ५.१ |
| उदियमान तथा विकाससिल अर्थतन्त्र | ४.५ | ४.८ | ४.५ | ३.६ | -२.२ | ६.७ |
| उदियमान तथा विकाससिल एशिया | ६.८ | ६.६ | ६.४ | ५.३ | -१ | ८.६ |
| मध्य पुर्व तथा उत्तर अफ्रिकी मुलुक | ५.१ | १.९ | १.२ | ०.८ | -३.४ | ४.० |
| उदियमान तथा विकाससिल युरोप | १.९ | ४.१ | ३.४ | २.४ | -२ | ४.४ |
| युरोपियन युनीयनका मुलुक | २.१ | ३.० | २.३ | १.७ | -६.१ | ४.४ |
| न्यून आय भएका विकाससिलअर्थतन्त्र | ३.९ | ४.९ | ५.१ | ५.३ | ०.० | ४.३ |

श्रोत: अन्तरास्ट्रिय मुद्रा कोष , अप्रिल, २०२१

उक्त सर्वेक्षणले सन् २०२१ मा विकशितदेशको अर्थतन्त्र ५.१ प्रतिशतले वृद्धिहुने छ भने उदीयमान तथा विकाससिल  मुलुकहरुको वृद्धि दर ६.७ प्रतिशतले र उदियमान तथा विकाससिल एशियाको वृद्धि दर ८.६ प्रतिशतलेअर्थात् सबै भन्दा धेरै हुने उल्लेख गरिएको छ। त्यस्तैगरी,न्यून आय भएका विकाससिल देशको अर्थतन्त्र ४.३ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ (अर्थ मन्त्रालय , २०७८ )।त्यस्तैगरी, एशियाली विकाश बैंक (२०२१)ले प्रकाशित गरेको प्रतिवेदन अनुसार, सन् २०२१ मा नेपालको कुल ग्राहस्थ उत्पादन (जीडीपी) ३.१ प्रतिशतले वृद्धि हुने अनुमान छ जुन सन् २०२० मा जम्मा १.९ प्रतिशत मात्र थियो। सन् २०२१ को शुरुमा सुधार भएको आर्थिक गतिविधि मे २०२१ देखि गरिएको दोश्रो लकडाउनलेपुन धराशायी बन्ने अवस्थामा पुगेको छ र यसमा पनि रोजगार घट्नुका साथै गरिवीको दरमा वृद्धि भएको छ। बैंकका अनुसार, सन् २०२१मा एशियाको आर्थिक वृद्धिदर ७.३ र सन् २०२२ मा ५.३ प्रतिशत हुनेछ भने उच्च आय भएका नव औद्योगिक अर्थतन्त्रको क्रमश ७.७ र ५.६ हुनेछ।

## कोरोनाले असर गरेका नेपालकामुख्य आर्थिक क्षेत्रहरु

कोभिड-१९ ले नेपालको समग्र अर्थतन्त्रलाई विभिन्न ढंगले प्रभाव पारेको छ। नेपाल राष्ट्र बैंक (२०७७) का अनुसार, आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य उत्पादनमा कुल स्थिर पूँजी निर्माणको अनुपात

२८.१ प्रतिशत र कुल पूँजी निर्माणको अनुपात ५०.२ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष यी अनुपातहरू क्रमशः ३३.७ प्रतिशत र ५६.६ प्रतिशत रहेका थिए । आ.व.२०७७ जेठमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.५४ प्रतिशत रहेको थियो (नेराबै, २०७७) । तर अर्थ मन्त्रालयले वि.स. २०७८ जेठमा सार्वजनिक गरेको आर्थिक सर्वेक्षणले आ.व. २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादन आधारभूत मुल्यमा ३.९४ प्रतिशत र उत्पादकको मुल्यमा ४.०१ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ । त्यस्तैगरी, यो आ. व.मा कृषि र गैरकृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि क्रमशः २.६४ प्रतिशत र ४.५७ प्रतिशतले बढ्ने अनुमान छ (अर्थ मन्त्रालय, २०७८) । कोभिड-१९ को महामारीबाट प्रभावित चालु आर्थिक वर्ष २०७७/७८ अर्थात सन् २०२०-२०२१ मा नेपालको आर्थिक वृद्धिदर मात्र ०.६ प्रतिशत रहने विश्व बैंकले पुनः दोहोऱ्याएको छ । सन् २०२१ को पहिलो प्रतिवेदन 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट' सार्वजनिक गर्दै विश्व बैंकले यस्तो प्रक्षेपण गरेको हो । सरकारले भर्खर अर्थात २०७८ जेठमा प्रस्तुत गरेको वार्षिक बजेटमा चालु आ.व. २०७८/७९ मा ६.५ प्रतिशत आर्थिक वृद्धिदर कायम हुने अनुमान गरिएको छ । अर्थतन्त्रको गिरावट सगै उद्योगधन्दा बन्द हुने र रोजगारीका क्षेत्रमा व्यापक कटौती हुनेगरेको छ। नेपाली मजदुरहरुको संगठन जिफन्ट (२०७७) का अनुसार, कोभिड-१९ को कारणले अर्थतन्त्रका निम्न क्षेत्रहरुवाट निम्नानुसार रोजगार गुम्ने अवस्थामा रहेको छ ।

**तालिका न.२: रोजगार गुम्ने मुख्य क्षेत्रहरु**

| **क्षेत्रहरु** | **प्रतिशत** |
|---|---|
| पर्यटन | ४ लाख |
| होटलमा | ३ लाख |
| कृषि | ३ लाख |
| गार्मेन्ट | २ लाख |
| सेवा क्षेत्र | २ लाख |
| शैक्षिकक्षेत्र | १ लाख २० हजार (कन्सल्टेन्सीसहित) |
| आउट सोर्सिङ कम्पनी | ८० हजार |
| रात्रिकालीन मनोरञ्जन क्षेत्र | ९० हजार |
| साना तथा मझौला उद्योग | ८० हजार |

| | |
|---|---|
| सवारी, यातायात क्षेत्र | ५० हजार |
| बैंक तथा वित्तीय संस्था | ६० हजार (सहकारी, फाइनान्स र मनी ट्रासन्फर) |
| सरकारी कार्यालयमा करार काम गरिररहेका | ३० हजार |
| प्रविधि, सञ्चार र मिडिया | २५ हजार |
| जम्मा | २० लाख ४५ हजार |

श्रोत: जिफन्ट, २०७७

कोरोनाको कारणले देशभित्र आन्तरिक श्रम बजारमा करिब २० लाख ५० हजार रोजगारी कटौती हुने देखिन्छभने वैदेशिक रोजगारीबाट करिब १० लाख श्रमिक फर्किने सम्भावना रहेको छ । सरकारले हाल आन्तरिक श्रम बजारमा रोजगारीको खोजीमा आएका ५ लाख श्रमशक्तिलाई त् व्यवस्थापन गर्न सकिरहेको छैन भने कोभिडका कारण यति ठूलो संख्यामा बेरोजगारीदर बढेर गएमा समस्या झन् जटिल हुँदै जाने देखिन्छ(भारती, २०७७) । लामो समयको लकडाउनका कारण आर्थिक गतिविधि बन्द हुँदा रोजगारदाता कम्पनीलाई श्रमिक कटौती नै गर्नुपर्ने अवस्था सिर्जना भएको रयसमा सरकारले श्रमिकलाई घरभाडा छुट र अन्य राहतका कार्यक्रम मार्फत सहयोग गर्नु पर्ने देखिन्छ भने रोजगारदाता कम्पनीहरुलाई करमा छुट र सहुलियत दरमा ऋणको व्यवस्थालाइ कडाइका साथ लागु गराउन सक्नु पर्दछ । त्यस्तैगरी, सरकारले आ.व.२०७८/७९ मा बजेट मार्फत ल्याएका राहत कार्यक्रम, कर छुट, सहुलियत ऋण आदिलाई पनि समयमै कार्यन्वयन गर्न तत्काल पहल अघि बढाउनु पर्दछ । कोभिड-१९ को महामारीले नेपालका निम्न मुख्य आर्थिक क्षेत्रहरुमा गहिरो प्रभाव पारेको देखिन्छ ।

### १. कृषि क्षेत्र

कृषि क्षेत्र नेपालको सबैभन्दा धेरै रोजगारी सृजना तथा प्रदान गर्ने क्षेत्र हो । पछिल्लो जनगणना (२०६८) ले नेपालमा कृषिमा आश्रित जनसंख्या ६५.६ प्रतिशत रहेको देखाएको छ भने पन्ध्रौं योजनाको आधारपत्रमा यसलाई ६० प्रतिशत मात्र देखाइएको छ । त्यस्तै गरी विश्व बैंकले ६९ प्रतिशत रहेको उल्लेख गरेको छ भने कृषि गणनाले भने ७१ प्रतिशत नेपालीलाई कृषिमा आश्रित देखाएको छ। हालै सार्वजनिक श्रमशक्ति सर्भेले कृषिमा आश्रितको संख्या २१.५ प्रतिशत मात्रै भएको देखाएको छ (रेग्मी, २०७७) । नेपालमा रोजगारी पाएका प्रत्येक पाँचजना व्यक्तिमध्ये एकजना कृषिमा नै रोजगार रहेका छन् । बेरोजगार व्यक्तिहरूलाई कृषि सहकारी वा कृषक समूहको माध्यमबाट कृषि पकेटक्षेत्रहरूको विकास गरी कृषि पेशालाई सम्मानजनक, मर्यादित र प्रतिष्ठित बनाई कृषिक्षेत्रमा थप रोजगारीका अवसरहरू

सृजना गरी कृषिमा आत्मनिर्भर हुनुको साथै राष्ट्रिय अर्थ तन्त्रमा समेत सहयोग पुग्ने देखिन्छ (शाह, २०२०)। कोरोनाका सङ्क्रमणको कारण गरिएको लकडाउनले नेपालको कृषिक्षेत्रमा नकारात्मक असर पनि परेको छ। मानिसहरूको आवतजावत ढुवानी व्यवस्थामा भएको असहजता र आवश्यक मात्र सहज रुपमा पाउनुपर्ने कृषि औजार, मल, बिउ ट्याट्रलाई चाहिने इन्धन पशुपंक्षीको लागि आवश्यक आहारको ढुवानी र सहज आपूर्ति हुन नसक्दा समग्र कृषिक्षेत्रलाई नकारात्मक असर परी कृषि उत्पादन घट्न सक्ने अवस्था रहेको छ। यसले नेपालको कुलग्राहस्त उत्पादनमा कृषिक्षेत्रको योगदान घट्ने प्रक्षेपण गरिएको छ (न्यौपाने, २०२०)। तर नेपालमा कृषिले थप रोजगार सिर्जना गर्न सकेको देखिदैन। विगत एक वर्ष देखि फैलिएको कोभिड महामारीले अन्यको तुलनामा केहि कम असर गरेको क्षेत्र कृषि हो। गतवर्षको भन्दा कृषिको उत्पादकत्व २.४८ प्रतिशत बढी हुने अनुमान गरिएको छ। गतवर्ष ५.०५ प्रतिशतले बढेको कृषि उत्पादकत्व वृद्धिदर धानको उत्पादनमा आएको कमी र आपूर्तिमा परेको समस्याले सोही गतिमा हुन नसकेको तथ्यांक विभाग सँग छ। कुलगार्हस्थ्य उत्पादनको कृषितर्फ उत्पादकर्ता ९ खर्ब ९ अर्ब ७५ करोड रुपैयाँको पुगेको छ। अघिल्लो वर्षको तुलनामा वृद्धिदर भने ७.१प्रतिशतकोदेखिएकोछजुन आगामी वर्ष पनि निरन्तर हुने विश्वास गरिएको छ। अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण २०७७/७८ ले भने यो वर्ष कुल ग्राहस्थ उत्पादनमा कृषिको योगदान जम्मा २५.८ प्रतिशत मात्र रहने उल्लेख गरेको छ।

### २.खानी तथा उत्खनन

नेपाल खानी तथा खनिज पदार्थको हिसाबले अत्यन्त उर्बर क्षेत्र मानिन्छ र अहिलेसम्मको भौगर्भिक अध्ययन तथा अनुसन्धानले के देखाउँछ भने खनिज पदार्थका हिसाबले नेपालका प्रत्येक भूभागको आ-आफ्नै महत्व छ। नेपालका धेरैजसो भूभागमा महत्वपूर्ण खनिज पदार्थ भेटिएका छन् र अरु ठाउमा पनि भेटिने सम्भावना छ। जलसम्पदा कै हाराहारीमा देशमा खनिज पदार्थको प्रचुर सम्भावना रहेपनि हालसम्म १२ प्रकारका खनिज पदार्थ मात्र उत्खनन भइरहेको छ। देशका विभिन्न ९५ स्थानबाट हाल चुनढुङ्गा, कोइला, फलाम, काइनाइट, म्याग्नेसाइट, मार्बल, क्वार्ज, क्वार्जाइट, रेड क्ले, खरी, टुमालिन र जिङ्क उत्खनन भइरहेको छ। खानी तथा भौगर्भिक विभागमा ८४ वटा खानीजन्य उद्योग दर्ता भए पनि दुई दर्जन मात्र सञ्चालित छन्। दाङ, रोल्पा, सल्यान, प्युठान र पाल्पामा कोइला तथा पर्वतमा फलाम खानी सञ्चालित छन् भने राष्ट्रका अन्य भागमा उपलब्ध तामा, सिसा, अभ्रक, गन्धक, स्लेट, गेरु र ग्रेफाइट उत्खनन हुन सकेको छैन (भण्डारी, २०७५)। यति धेरै सम्भायता भएको खानीले पर्याप्त उत्खननको अभावमा उत्पादन दिन सकेको छैन र यसको जीडीपीमा मात्र ०.५५ प्रतिशत योगदान रहेको छ। कोरोनाको कारणले उत्पादन, प्रशोधन र ढुवानीमा परेको असरले गत वर्षभन्दा यस वर्ष ०.६९ प्रतिशतले वृद्धिदरमा ह्रास आएकोछ।


**३.उद्योग – ब्यबसाय**

कृषिमा आधारित अर्थतन्त्रको प्रधानता भएको नेपालमा हालसम्म त्यति धेरै उद्योग क्षेत्रको विकास भएको छैन । उद्योग विभाग (२०७५) का अनुसार, उद्योग क्षेत्रमा हाल सम्म २० खर्ब ३३ अर्ब लगानी भएको छ । विभागका अनुसार कुल तीन लाख ४५ हजार ३९३ उद्योग दर्ता भएका छन् । त्यसमा लगानी भएको २० खर्ब ३३ अर्बमध्ये ५५ प्रतिशतभन्दा बढी रकम ऊर्जा जन्य उद्योगमा लगानी भएको छ । विभागका अनुसार नेपालका एकहजार ३० ठूला उद्योगमा १४ खर्ब ५२ अर्बको लगानी रहेको छ भने, एकहजार ६४० मझौला उद्योगमा एकखर्ब ४९ अर्ब र ४२ हजार ७२३ लघु, घरेलु तथा साना उद्योगमा चार खर्ब ३२ अर्ब लगानी रहेको छ । यो तथ्यांकमा स्वदेशी लगानीका मझौला तथा साना उद्योग र विदेशी लगानीका सबै उद्योगहरु रहेका समावेश छन् । दर्ता भएका उद्योग मध्ये सबैभन्दा बढी उत्पादन मूलक र सेवामूलक उद्योग रहेका छ न्भने त्यसपछि कृषि तथा वन पैदावरका उद्योग पर्दछन् । दर्ता भएका उद्योगमा लगानीको अवस्था हेर्दा ऊर्जा मूलक उद्योगमा ५५.३१ प्रतिशत, उत्पादनमूलक उद्योगमा २३.६० प्रतिशत, सेवामूलक उद्योगमा ८.६२ प्रतिशत लगानी छ । त्यस्तै पर्यटन उद्योगमा ६.६८ प्रतिशत लगानी रहेको छ भने अन्य उद्योगमा लगानी अत्यन्त न्यून छ । नेपालका यी सम्पूर्ण उद्योगले जम्मा ३१ लाख ८१ हजार ८१ हजार ४९६ जनालाई रोजगारी प्रदान छ (अनलाइनखबर, २०७५) जुन कुलरोजगारीको १७.५ प्रतिशत मात्र हो ।

आर्थिक सर्वेक्षण २०७७/७८ का अनुसार, नेपालको कुल गार्हस्थ उत्पादनमा विगत ५ वर्ष देखि उद्योगको योगदान ५.४ प्रतिशत छ । नेपालको उद्योग क्षेत्र अन्य क्षेत्र जस्तै कोरोना महामारीको कारणले गरिएको लकडाउनको असरले अत्यन्तै प्रभावित छ।रोगको प्रकोप, सामाजिक दुरी कायम गर्नुपर्ने, निशेधाज्ञा जस्ता कारणले उद्योगहरू सञ्चालन हुनसकिरहेका छैनन् । कच्चा पदार्थको सहज आपूर्तिमा समस्या, उत्पादित बस्तु बजारसम्म पुऱ्याउन ढुवानी समस्या, जनशक्तिको अभाव आदिलेउद्योगधन्दा र कलकारखानाहरु नियमित र पूर्णक्षमतामा सञ्चालन हुनसकिरहेका छैनन् (न्यौपाने, २०२०) । रास्ट्र बैंक (२०७६ ) का अनुसार, कोरोनाको कारणले उद्द्योग क्षेत्रमा गत वर्षको तुलनामा यस वर्ष २.२७ प्रतिशतले वृद्धिदरमा कमी आएको छ र  यस क्षेत्रको उत्पादकत्व मूल्य १ खर्ब ७० अर्ब रुपैयाँ भन्दा बढी छ । रास्ट्र बैंकको अध्ययनअनुसार  ६३.७० प्रतिशत घरेलु उद्योग, ६१.८१ प्रतिशत लघु र खुद्रा व्यापार एवं ६३.६९ प्रतिशत साना उद्यमहरू लकडाउनका कारणपूर्ण रूपमा बन्द भएका छन्।नेपाल रास्ट्र बैंकले कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असर सम्बन्धी अनुसन्धानलाई निरन्तरता दिदै वि.स. २०७७ मंसिरमा अर्को सर्वेक्षण गरेको थियो जसमा अर्थतन्त्रमा सुधार आएको उल्लेख गरिएको थियो । रास्ट्र बैंक (२०७७) का अनुसार, २०७७ असारमा गरिएको सर्वेक्षणले ४.१ प्रतिशत उद्योग/व्यवसाय मात्र पूर्ण सञ्चालनमा रहेको देखाएकोमा २०७७ मंसिरमा गरिएको पुनरावृत्ति सर्वेक्षणले ५४ प्रतिशत उद्योग/व्यवसाय पूणरूपमा

सञ्चालनमा रहेको देखाएको छ । त्यसै गरि, वि.स.२०७८ बैशाखमा गरिएको सर्वेक्षणले २०७७ असारको तुलना मा २०७८ वैशाख सम्ममा करीब८१.२प्रतिशत उद्योग तथा व्यवसाय सञ्चालनमा आएको देखाएको छ । यो अवधिमा औसत ४.२ प्रतिशत उद्योग तथा व्यवसाय सञ्चालन हुनसकेका थिएन न्भने १४.६ प्रतिशत आंशिक रूपमा सञ्चालनमा रहेका थिए । त्यसैगरी, गतवर्षको असारको तुलनामा वैशाखसम्ममा उद्योग/व्यवसायहरूको उत्पादन एव म्कारोबार तथा रोजगारीको अवस्थामा उल्लेख्य सुधार आएको छ तर २०७६ फागुनको अवस्थामा भने उद्योग/व्यवसायहरू पुग्नसकेको देखिँदैन । सर्वेक्षणअनुसारको भिड महामारी अगाडि २०७६ फागुनको तुलनामा २०७७ असारमा औसतमा करीब २९ प्रतिशत मात्र उत्पादन वा आर्थिक कारोबार भएको थियो । वि.स. २०७८ वैशाखमा आइपुग्दा यस्तो उत्पादन बढेर औसतमा ६१.४ प्रतिशत पुगेको थियो । कोभिड महामारी अगाडि वि.स. २०७६ फागुनको तुलनामा २०७७ असारमा ७७ दशमलव ५ प्रतिशत रोजगारी प्रदान गरेका उद्योग/ व्यवसायहरूले २०७८ वैशाखमा ९३ दशमलव ८ प्रतिशत रोजगारी प्रदान गरेका थिए । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कोभिड–१९ ले उद्योग क्षेत्रमा पारेको प्रभावबारे गरेको अध्ययन (२०७७) अनुसार, लघु, साना, मझौला र ठुला उद्द्योगहरुमा कोरोनाको कारणले गुमेको रोजगारीलाई निम्न चार्टमा देखिएको छ।

चित्रन.१ : कोरोनाको कारणले गुमेको रोजगारी





श्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०७७

यो अवधिमा मझौला तथा ठूला उद्योग/व्यवसायले प्रदान गरेको रोजगारीदर भनेअसारको तुलनामा वैशाखमा घटेको देखिएको छ । पूर्णरूपमा सञ्चालनमा रहेपनि मझौला तथा ठूला उद्योग/व्यवसाय आफ्नो पूर्ण क्षमता उपयोग गरी सञ्चालनमा नरहेकाले यस्ता उद्योगले प्रदान गर्ने रोजगारीमा थप कटौती हुन गएको अनुमान छ । असारको तुलनामा उद्योग/व्यवसायहरूको औसत तलब–ज्याला खर्चमा वृद्धि भएको पाइएको छ । कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा २०७७ असारमा ६३ दशमलव ४ प्रतिशत रहेको यस्तो खर्च २०७८ वैशाखमा आइपुग्दा ८८ दशमलव ५ प्रतिशत पुगेको देखिएको छ

(थापा, २०७८) । त्यस्तै गरी मन्त्रालयले गरेको उद्योगहरुको नाफा नोक्सानको अवस्था अध्ययन (२०७७) गर्दा, कोभिड-१९को प्रभावले अधिकांश उद्योगहरु नोक्सानमा रहेको देखाएको छ । यस अध्ययनमा सहभागी उद्योगहरुमध्ये १६.२२ प्रतिशतले मात्र नाफामा रहेको छ । नाफामा रहेका उद्योगमध्ये ६६.६७ प्रतिशत ठूलो उद्योग रहेका छन् । उक्त अध्ययनमा उल्लेख भएअनुसार,उद्द्योगहरुको नाफा नोक्सानको अवस्थालाई निम्न चार्टमा देखाइएको छ ।

**चित्र न. २: नाफा नोक्सानको अवस्था**




श्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०७७

यो सर्वेक्षणको नतिजा अवधि लगत्तै अर्थात वैशाख१६, २०७८ देखि कोभिड–१९ महामारीको दोस्रो लहर फैलिएकोले अधिकांश जिल्लामा निषेधाज्ञा जारी गरिएको छ जसले अर्थतन्त्र पुन प्रभावित हुन सक्ने राष्ट्रबैंकको ठहर छ । दोश्रो लहरले सबै उद्योग तथा अन्य आर्थिक कारोवारका क्षेत्र करिव एक महिना देखि बन्द प्राय छन् जसले यो क्षेत्रको उत्पादकत्वमा पुन कमि ल्याउने देखिन्छ । आर्थिक सर्वेक्षण (२०७७) का अनुसार, आ.व.२०७७/७८ मा कुल गार्हस्थ उत्पादनमा उद्द्योग क्षेत्रको योगदान ५.१ प्रतिशतले हुने अनुमान छ । नेपालमा बढ्दै गएको युवा बेरोजगारीमा कमी ल्याउन कम्तीमा आउँदो एक दशकसम्म कृषि, वन, पर्यटनमा आधारित उद्योगधन्दा कलकार खाना तथा व्यापार व्यवसायको माध्यमबाट थप रोजगारी सृजना गर्न विशेष जोड दिनुपर्ने देखिन्छ । अदक्ष तथा सीप नभएका बेरोजगार युवाहरूलाई सीपमूलक तालिमको माध्यमबाट दक्ष एवं सीपयुक्त जनशक्ति तयार गरी उद्योग तथा कलकारखानाहरूमा आपूर्ति गरी औद्योगिक उत्पादनमा वृद्धि गर्नुको साथसा थैलघु, घरेलु तथा साना उद्योगहरूको माध्यमबाट

स्वरोजगारी वा रोजगारी बढ्ने गरी निर्यात योग्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता, विविधीकरण, उत्पादकत्व अभिवृद्धि गरी स्थानीयश्रम, सीप, स्रोत र साधनको अधिकतम परिचालन तथा उपयोग हुने गरी स्वदेश भित्रै थप रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्ने देखिन्छ (शाह, २०२०) । यसको लागि कोरोना महामारी एक अवसरको रुपमा उपयोग गर्न सके आगामी दशकको अर्थतन्त्र उद्द्योगमा आधारित हुने छ ।

### ४. निर्माण ब्यबसाय

देशभित्र राष्ट्रिय महत्त्वका आयोजनाहरू, ठूलठूला जलविद्युत आयोजनाहरू, रेलमार्ग, द्रुतमार्ग, बाटो-घाटो लगायत अन्य विभिन्न निजी तथा सार्वजनिक निर्माण कार्यहरूको साथसाथै तिनै तहका सरकारहरूबाट सञ्चालित विकास निर्माणका गतिविधिहरू तीव्र रूपमा संचालित भइरहेका छन् । निर्माण क्षेत्रमा दक्षजन शक्तिको रूपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर, मैसन लगायत अन्य श्रमिक मजदुरहरू अधिकांश भारतीय वा तेस्रो मुलुकमा कार्यरत  रहेका छन् । बैदेशिक रोजगारमा रहेका अधिकांस नेपाली श्रमिक- मजदुरहरू अदक्ष वा अर्ध-दक्ष कामदारको रूपमा काम गरि रहेका छन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरू प्रशस्त रहेकोले बजार मागको आधारमा थप दक्ष, सीपयुक्त जनशक्ति तयार गरी बजारमा दक्षजन शक्तिको आपूर्ति गरी अन्य मुलुकका श्रमिक मजदुरहरूलाई विस्थापित गर्दै जानुपर्ने देखिन्छ (शाह, २०२०) । आर्थिक सर्वेक्षण २०७७/७८ का अनुसार, नेपालको कुलगार्हस्थ उत्पादन (जीडीपी) मा निर्माण क्षेत्रको योगदान ५.७ प्रतिशत रहेको छ जुन गत वर्ष ५.९ प्रतिशत थियो । कोरोना महामारीको कारणले यस क्षेत्रमा गतवर्षको कुल मूल्य अभिवृद्धिको तुलनामा यस वर्ष ०.३१ प्रतिशतले कमी आएको देखिएको छ । आ.व. २०७६/७७ देखि शुरु भएको कोरोना महामारीको कारणले गरिएको बन्दाबन्दीलेयातायात, ढुवानीक्षेत्र, मजदुरको अभाव आदिले समग्र निर्माण ब्यबसाय प्रभावित बनेको छ जसको कारणले यो क्षेत्रको अर्थतन्त्र ऋणात्मक देखिएको छ । पहिलो पटक गरिएको लामो अवधिको लकडाउन र यातायातका साधन चलाउन लगाइएको बन्देजले निर्माण ब्यबसायलाइ ठुलो असर गरेको थियो भने वि.स.२०७८को शुरु देखि गरिएको दोश्रो लक डाउनले यो क्षेत्रलाई झन् असर पार्ने देखिन्छ । यसले यो क्षेत्रमा कार्यरत मजदुरहरुको ठुलो संख्यालाई वेरोजगार बनाएको छ भने निर्माण ब्यबसायीलाइ पनि निकै असर गरेको देखिन्छ ।

### ६. ब्यापार क्षेत्र

उत्पादित वस्तुहरुको किन-बेच हुने प्रकृया नै ब्यापार हो जुन स्थानीय स्तर देखि अन्तरास्ट्रिय स्तर सम्म हुने गर्दछ । नेपालमा औद्योगिक वस्तुहरुको उत्पादन अत्यन्त कम हुने भएकोले कृषि उपजहरुको ब्यापार नै नेपालको मुख्य व्यापारिक वस्तुहरु हुन् । नेपालको वैदेशिक व्यापारको अवस्था त्यति सन्तोषप्रद छैन ।

निर्यातको तुलनामा आयात उच्च हुनु, व्यापार घाटा वर्षेनी बढ्दै जानु र आयात निर्यातको अनुपात दिनानुदिन फराकिलो हुँदै जानुले देशको वैदेशिक व्यापारको स्थिति जटिल र चुनौतीपूर्ण बन्दै गएको छ। चालू आ.ब. २०७६/७७ मा १ सय ५५ मुलुकसँग नेपालले व्यापार घाटा व्यहोरेको थियो । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार नेपालले १ सय ८४ मुलुकसँग द्विपक्षीय व्यापार गर्ने गरेको छ जसमा २९ मुलुकसँगको व्यापार नाफामा रहेको छ भने १ सय ५५ मुलुकसँग व्यापार घाटामा रहेको छ । सबैभन्दा बढी आयात र निर्यात छिमेकी मुलुक भारतसँग हुने गरेको छ भने दोस्रोमा चीन रहेको छ (साउद, २०१९)। त्यसपछि अन्य दक्षिण एशियाली रास्ट्रहरु र विश्वका अन्य रास्ट्रहरु पर्दछन। कोभिड–१९ले शिथिल बनाएको अर्थतन्त्र २०७७ को अन्ततिर पुरानै लयमा फर्किएको थियो । अघिल्लो पटकको लकडाउनको अवधिमा मासिक ८०/९० अर्ब रुपैयाँको मात्रै आयात भएकोमा लकडाउन पछी १ खर्ब २० अर्ब रुपैयाँभन्दा बढीको आयात भएको छ । आर्थिक वर्ष २०७७/७८ को पहिलो आठ महिनामा आयात व्यापार २.१४ प्रतिशतले बढेर ९ खर्ब ४३ अर्ब ९८ करोड रुपैयाँ पुगेको विभागको तथ्यांक अर्थ मन्त्रालयको छ । जबकि २०७६/७७ को ८ महिनामा आयात व्यापार ९ खर्ब २४ अर्ब २४ करोड रुपैयाँ थियो। आ.व. २०७६/७७ देखि आ. व. २०७७/७८ सम्मको अवधिमा भएको अन्तरास्ट्रिय व्यापार निम्न तालिकामा देखाइएको छ।

**तालिका न.३: आयात-निर्यातको अवस्था**

| **ब्यापार** | **२०७६/७७ (८ महिना)** | **२०७७ /७८(८ महिना)** |
|---|---|---|
| आयात | ९ खर्ब २४ अर्ब२४ करोड | ९ खर्ब ४३ अर्ब९८करोड |
| निर्यात | ७४ अर्ब ९० करोड | ८० अर्ब ७७ करोड |
| व्यापार घाटा | ८ खर्ब४९ अर्ब ३३ करोड | ८ खर्ब ४३ अर्ब २० करोड |
| कुल बैदेशिक ब्यापार | ९ खर्ब ९९ अर्ब १५ करोड | १० खर्ब २४ अर्ब ७६ करोड |

श्रोत: आर्थिक सर्वेक्षण, २०७७/७८

कोरोनाको कारणले सबैभन्दा प्रभावित व्यक्तिहरु साना , मझौलार खुद्रा ब्यापारीहरु हुन् जसलाई बन्दा-बन्दीको समयमा जीविका उपार्जनमा समेत समस्या परेको देखिन्छ। यसले एकातिर व्यवसायीहरूलाई घरभाडा, बैकको ब्याज तिर्न कठिनाइ भएको छ भने व्यवसायीहरू घरमा खुम्चिएर बस्नु पर्दा एक खाले मानसिक तनाव पनि भोग्नु परेको छ (न्यौपाने, २०२०)। कोरोना महामारीको कारणले गरिएको बन्दा बन्दिले व्यापारमा निकै ठुलो असर गरेको छ। वस्तुहरुको निर्यातमा भएको कटौती, कच्चा पदार्थको उत्पादन नहुनु र अधिकांश निर्यात योग्य वस्तुहरु कच्चा पदार्थमा आधारित हुनु, असहज श्रम सम्बन्धले

उत्पादकत्व घट्नु, बन्दा बन्दीले उत्पादित वस्तुहरुको ढुवानी रोकिनु, अधिकांश निर्यात योग्य वस्तुहरु कृषिमा आधारित भएको र कृषि क्षेत्रको पूर्ण व्यावसायिकरण नहुँदा कृषि लागत उच्च हुनु आदि हुन् जसलाई कोरोना महामारीले झन् असर गरेको छ। कोरोनाको बढदो महामारीले गरिएको भारत संगको ब्यापार बन्देज र सिमा नाकाहरूको बन्देजले उत्पादित वस्तुहरुको निर्यात पनि शुन्य हुने अवस्थामा पुगेको छ जसको कारणले कृषि उपजहरु कुहिएर जाने अवस्थामा रहेका छन र कृषकहरु ठुलो घाटामा रहन वाध्य भएका छन्।

### ७. पर्यटन क्षेत्र

एक ठाउँबाट अर्को ठाउँमा वा एक देशवाट अर्को देशमा कुनै खास उद्देश्य प्राप्तिका लागि गरिने भ्रमण तथा घुमफिर पर्यटन हो जुन आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ । नेपालको अनुपम भौगोलिक र प्राकृतिक विविधता, सांस्कृतिक र ऐतिहासिक धरोहर, जातीय विविधता लगायतका कारणले नेपालमा पर्यटनको प्रचुर सम्भाव्यता रहेको छ । नेपालको पर्यटन उद्‌घोग रोजगारीका मुख्य क्षेत्रहरू मध्येको एक हो । सन् २०१८ मा कुल ५,७३,००० जना मानिसहरुले यो क्षेत्रवाट रोजगारी प्राप्त गरेका थिए, जुनकुल रोजगारीको ८ प्रतिशत हो । नेपालको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्त्विक एवं सांस्कृतिक सम्पदा, हिमाली मनोरम दृश्य, पर्वतारोहण, पदमार्ग, तराईका फाँटहरू, वन्यजन्तु, निकुञ्ज, जलसम्पदा आदि पर्यटनको मुख्य आधार क्षेत्रहरु हुन् (शाह, २०२०)। नेपाल सरकारले सन्२०२०लाई पर्यटन वर्षको रूपमा मनाएर २० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको थियो तर वर्षको सुरुदेखि नै कोरोना महामारीको सङ्क्रमणका कारण सो लक्ष्य पुरा हुन सकेन। कोरोनाको सङ्क्रमणले हवाई यातायात, जल तथा स्थल मार्ग मा चल्ने सबै सवारी साधन ठप्प हुँदा आन्तरिक र बाह्य पर्यटकको आवागमन ठप्प हुन पुग्यो । होटेल व्यवसायी, र्याप्टीङ, पदयात्रा, हिमाल आरोहणलगायतका सबै गतिविधि ठप्प हुँदा त्यस क्षेत्रमा कार्यरत व्यवसायी र कामदार सबैको पेसा धरासायी भएको छ । यसले एकातिर रोजगारीमा प्रतिकूल प्रभाव परेको छ भने अर्कोतिर राजश्वमा समेत नकारात्मक असर परि रहेको छ (न्यौपाने, २०२०)। नेपालमा पर्यटनले साढे चार लाख मानिसलाई प्रत्यक्ष रोजगारी दिएको, साढे तीन लाखलाई मौसमी रोजगारी दिने गरेको अनि अप्रत्यक्षसमेत गरी ११ लाख मानिस आश्रित रहेको पर्यटन ब्यबसाय कोरोनाको कारणले सिथिल र मृत्यु तुल्य भएको छ । आर्थिक सर्वेक्षण २०७७/७८ का अनुसार, सन् २०१९ मा कुल पर्यटक आगमनमा २.१ प्रतिशतले बृद्दि भई पर्यटक संख्या ११ लाख ९७ हजार १ सय ९१ पुगेको थियो। सन् २०२० मा कोभिड-१९ को महामारीका कारण कुल पर्यटक आगमन संख्या २ लाख ३० हजार ८५मा मात्र सिमित अघिल्लो वर्षको सोहि अवधिको तुलनामा करिव ८१ प्रतिशतले घटन गएको छ । यसरी कोरोना महामारीले नेपालको पर्यटन क्षेत्र निकै प्रभावित बनेको छ जसले यस पेशा संग आवद्ध लाखौ मानिसहरुलाई वेरोजगारसमेत बनाएको छ।

## ८. वैदेशिक रोजगार

नेपालको जनसंख्यामा युवाको संख्या अत्यधिक भएकोले प्रतिवर्ष करिब ५ लाख व्यक्ति श्रम बजारमा थपिने गर्दछन र मुलकमा आन्तरिक रोजगारीको अवसर पर्याप्त नभएका कारण वैदेशिक रोजगारीमा जाने गर्दछन । हाल करिब ४३ लाख युवा औपचारिक तथा अनौपचारिक माध्यमबाट वैदेशिक रोजगारीमा रहेका छन् । वैदेशिक रोजगारीमा गएका मध्ये १.५ प्रतिशत दक्ष कामदार, २.४ प्रतिशत अर्धदक्ष, र७५.५प्रतिशत अदक्ष रहेका छन् । संस्थागत रुपमा११० वटा देशहरुलाई वैदेशिक रोजगारीका लागि खुलागरिएको छ । यद्यपी, व्यक्तिगत रुपमा वैदैशिक रोजगारीमा जाने प्रयोजनको लागि भने १६७ भन्दा बढी देशहरु खुला गरिएको छ । पछिल्लो श्रम शक्ति सर्वेक्षण (२०१८) अनुसार नेपालमा बेरोजगारीदर २.३ प्रतिशत, र अर्धवेरोजगारीदर ३५.८ प्रतिशत रहेको अनुमान छ (साउद, २०१९) । हाल कोरोनाको कारणले यी सबै क्षेत्र प्राय बन्द जस्तै अवस्थामा रहेका छन् । त्यस्तैगरी, अन्तर्राष्ट्रिय क्षेत्रमा रोजगारीका अवसरहरू गुम्न जाँदा करिब ६ लाख नेपाली युवाहरू विदेशबाट नेपाल फर्किनेतयारीमा छन् । विश्वबजारमा रोजगारी गुमाएर धेरैजन शक्ति नेपाल भित्रिदा यसले आन्तरिक श्रमबजारमा ऋन्नकारात्मक असर पार्नुका साथै सामाजिक विकृति, विसङ्गति र अपराधका घटना बढन सक्ने सम्भावना देखिन्छ (न्यौपाने, २०२०) । कोरोनाले बैदेशिक र आन्तरिक रोजगारमा परेको यो असरले नेपालको समग्र अर्थतन्त्रमा नै चोट पुगेको छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ,२०२०) का अनुसार, कोरोनाको कारणले नेपालमा १.६ देखि २.०० मिलियन रोजगार प्रभावित हुने छ जसमा ७८०,००० होलसेल र रिटेल व्यापार , ४४६,००० उत्पादन क्षेत्र , ४०४,००० निर्माण क्षेत्र , २११,००० यातायात , ६२,००० सेवा र खाध्य पदार्थको आपूर्ति र ८३,००० अन्य क्षेत्रमा कार्यरत मानिसहरु यसको कारणले प्रभावित हुने छन् । त्यस्तैगरी, ५.७ मिलियन अर्थात, ८०.८ प्रतिशत अनौपचारिक क्षेत्रमा कार्यरत मानिसहरु यसवाट प्रभावित हुने आइएलओ को अनुमान छ । त्यस्तैगरी, विदेशवाट कामदारको माग नआउनु, नेपालमा रोजगारको अवसर नपाउनु, विदेशमा वेरोजगार भै स्वदेश फर्किन वाध्य हुनु आदि जस्ता समस्याहरु पनि कोरोनाको कारणले सिर्जित भएका छन् । बैदेशिक रोजगार विभागका अनुसार, हाल नेपालमा ८५४बैदेशिक रोजगारमा पठाउने संघ/संस्थाहरु (म्यान पावर कंपनी) रहेका छन् । कोरोना महामारीको असरले बैदेशिक रोजगारीमा आएको कमि सगै यो संस्थाहरु पनि धरासायी बनेका छन् ।

## ९. जग्गाको कारोवारमा परेको असर

घर - जग्गा कारोवार बजार अर्थात् रियल स्टेट मा सन्२००८ देखि यता सबै भन्दा कम कारोवार भएको वर्ष २०२० हो । बेलायतमा यो वर्ष घर-जग्गाको मूल्य तीन प्रतिशतले घट्ने प्रक्षेपण गरिएको थियो भने अमेरिकामा नेशनल एसोशिएसन अफ रियल्टर्स (एनएआर) ले ३९ प्रतिशत घर बिक्रेताहरुले एजेन्टहरुलाई आफ्नो सम्पत्ति (घर-जग्गा) को मार्केटिङ गर्न रोकेको छ र यो व्यावसायिक घर-जग्गामा कोसवालमा अझै उच्च छ । त्यस्तैगरी, भारतका मुख्य सातवटा शहरमा बसोबास सम्पत्तिको बिक्री यो वर्ष ३५ प्रतिशतसम्म घट्न सक्नेर अफिसस्पेसको बिक्री ३० प्रतिशतसम्मले घट्न सक्ने प्रक्षेपण प्रोपर्टी ब्रोकरेजफर्म (एनारक) ले गरेको थियो । गतवर्ष १.०३ प्रतिशतले घटेको फिलिपिन्सको जग्गा कारोवार कोरोनाका कारण यसपालि अझ घट्ने बताइएको थियो भने मकाउमा पनि सन् २०१९ मा ३.०४

प्रतिशतले घटेको बजार अहिले झन खस्किएको छ । त्यस्तै दक्षिण कोरिया, सिंगापुर र जापान लगायतका देशमा पनि कारोबारमा तीव्र गिरावट देखिएको थियो र चीनमा यो ११ प्रतिशतले घटेको थियो (सुबेदी, २०२०) । नेपालमा वि.स २०७६ मा घर-जग्गा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको कुल कर्जा प्रवाह १ खर्ब ५६ अर्ब रुपैयाँ रहेकोमा वि.स. २०७७ मा १ खर्ब ६० अर्ब रुपैयाँ पुगेको थियो र यो करिब २ प्रतिशतको वृद्धि हो। नेपाल जग्गा तथा आवास विकास संघमा दुईसय सदस्य भए पनि हाल करिब २० वटा कम्पनीले मात्र सक्रिय रूपमा काम गरिरहेका छन् (बन्जाडे, २०७७) । नेपालका अन्य स्थान लगायत ललितपुर, कलंकी, भक्तपुर, काठमान्डू लगायतका मालपोत कार्यालयमा चालू आर्थिक वर्ष२०७७/७८ अघिल्लो आर्थिक वर्ष२०७६/७७ को सोही अवधिको तुलनामा कम राजश्व उठेको थियो । त्यस्तैगरी, भूमिव्यवस्थापन तथा अभिलेख विभागको तथ्यांक (२०७७) अनुसार, सरकारले घरजग्गाको कारोबार मार्फत चालूआर्थिक वर्षको पहिलो चार महिनामा १२ अर्ब ३९ करोड ९६ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको थियो भने वर्षको पछिल्लो अवधिमा जम्मा ३ अर्ब ६ करोड २५ लाख रुपैयाँ मात्रै राजस्व संकलन भएको छ । काठमाडौंको सबैभन्दा धेरै कारोबार हुने कलंकीस्थित मालपोतमा लकडाउन सुरु हुनु अघिमा घर फागुनको तुलनामा असारमा घरजग्गाको कारोबार ३३ प्रतिशतले घटेको थियो। वि.स. २०७७ माघमा १२ सय ३४ वटा र फागुनमा १२ सय ६९ वटा घर जग्गा किनबेच भएका थिए। तर, असारमा ८ सय ६१ वटा मात्रै कारोबार भएको उल्लेख गरिएको छ । नेपाल राष्ट्रबैंकको २०७७ चैत महिनासम्मको तथ्यांक अनुसार घर जग्गामा बैंक तथा वित्तीय संस्थाको लगानी ४ खर्ब १७ अर्ब ८६ करोड रुपैयाँ पुगेको छ जसमध्ये व्यक्तिगत आवासीय कर्जा तर्फ २ खर्ब ५९ अर्ब ७० करोडर घर-जग्गा (रियलइस्टेट) कर्जा तर्फ १ खर्ब५८ अर्ब १६ करोड रुपैयाँ प्रवाह भएको थियो (अर्याल, २०७७) । त्यस्तैगरी, नेपाल रियल इस्टेट अर्गनाइजेसनले गरेको एक अध्ययनमा ६६.६७ प्रतिशत सहभागीले काठमाडौंमा घर-जग्गाको मूल्य आवश्यकता भन्दा धेरै बढेको र२७.४५ प्रतिशतले अत्यधिक बढेको, ३.९२ प्रतिशतले ठिकै र बाँकीले त्यस्तो धेरै नबढेको धारणा राखेका थिए (सुबेदी, २०२०) । यसरी, कोरोना महामारीको कारणले विदेशवाट आउने विप्रेषणमा कमि हुनु, अनावश्यक खर्च गर्ने प्रवृत्तिमा कमि आउनु, घर-जग्गा भन्दा स्वास्थ्य र औषधि खर्च गर्नु पर्ने भएकोले घर-जग्गा कारोवारमा कमि आएको हो ।

## १०. उपभोग्य वस्तुहरुको मूल्य र उपभोगमा आएको परीवर्तन

कोरोना महामारीले मानव जीवनका विविध पक्षहरुमा नया तरिकाले सोच्ने, दैनिकजीवनका घटना क्रमहरुमा परिवर्तन ल्याउनु पर्ने, परम्परागत ढंगले प्रयोग गर्दै आइरहेका आनीबानीको मूल्यांकन र संस्कृति तथा मानव व्यवहारहरूमा फेरवदल ल्याउनु पर्ने र मानव-प्रकृति विचको सम्बन्धमा पुनर्मूल्यांकन गर्नुपर्ने जस्ता विचारमा छलफल चलाउनुपर्ने देखिएको छ । कोरोनाको असरले उपभोग्य वस्तुहरुको छनोट तथा उपभोगमा पनि प्रभाव परेको छ । कोरोना महामारीशुरू भएपछि प्रत्येक महिना खाद्यवस्तुको मूल्यवृद्धि भएको छ। नेपाल राष्ट्रबैंकको तथ्यांकले समग्रमा उपभोक्ता मुद्रास्फीति (मूल्यवृद्धि) नियन्त्रित देखाए पनि खाद्यान्न तथा तरकारीको मूल्य अत्यधिक बढेको छ । नेपाल राष्ट्रबैंक (२०७७) मा सार्वजनिक गरेको आर्थिक तथा वित्तीय प्रतिवेदनले चालू आर्थिक वर्ष २०७७\७८ को दोस्रो महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.९१ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति २.६८ प्रतिशत

रहेको देखाएको छ । त्यस्तै राष्ट्र बैंकले सार्वजनिक गरेको वित्तीयस्थिति (२०७८) अनुसार वैशाख महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.८३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यस महिनामा मुद्रास्फिति ५.२९ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फिति८.६६ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रा स्फीति ३.६७ प्रतिशत रहेको राष्ट्रबैंकले जनाएको छ । वैशाख महिनामा काठमाडौं उपत्यकामा ५.७१ प्रतिशत, तराईमा६.३५प्रतिशत, पहाडमा ५.११ प्रतिशत र हिमालमा ५.१९ प्रतिशतको मूल्य वृद्धि रहेको छ। गतवर्षको वैशाखमा यी क्षेत्रहरुमा क्रमशः ६.०५ प्रतिशत, ४.९४ प्रतिशत, ४.९५ प्रतिशतर ६.१३ प्रतिशत मुद्रास्फिति थियो । कोरोना महामारीका बीच दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि अत्यधिक भएको छ । राजनीतिक अस्थिरता, बन्दा बन्दि तथा निषेधाज्ञाको मौका छोप्दै उद्योगी, ठूला व्यापारी र बिचौलियाहरूले चामल, तेल, दाल, गेडागुडी, चिनी र अण्डालगायत खाद्यवस्तुको मूल्य वृद्धि गरेका हुन् । राष्ट्रबैंकका अनुसार यस अवधीमा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्य वृद्धि क्रमशः ८.४१ प्रतिशत, ५.३३ प्रतिशतर ३.३९ प्रतिशत रहेको छ । त्यस्तै, निर्माण सामग्रीको थोक मूल्यवृद्धि ६.२५ प्रतिशत रहेको छ । त्यस्तैगरी, भर्खर२०७८ जेठमा सार्वजनिक गरिएको आर्थिक सर्वेक्षण २०७७/७८ ले २०७७ फागुनमा वार्षिक बिन्दुगत आधारमा खाध्य तथा पेय पदार्थ समुहको मुद्रा स्फिती ३.८ प्रतिशत रहेको उल्लेख गरेको छ जुन अघिल्लो वर्षको सोहि अवधिमा ९.३ प्रतिशत थियो। त्यस्तै खाध्य तथा पेय पदार्थ समुहमा दाल, घ्यु तथा तेल, फलफुलतथा सुर्तीजन्य पदार्थकोदोहोरो अंकले मूल्य वृद्धि भएको छ भने गत वर्षको तुलनामा तरकारी र मसलाको मुल्यमा गिरावट आएको छ।

**निष्कर्ष**

कोभिड-१९ ले विश्व अर्थतन्त्रमा झैँ नेपालको समग्र आर्थिक जीवनमा पनि गहिरो संग असर गरेको छ। दैनिक जीवन, आन्तरिक र बैदेशिक रोजगारी, पर्यटन, यातायात, दैनिक ज्यालादारीमा जीविका उपार्जन गर्ने र गरिबीको अवस्थामा रहेका मानिसहरु आदिलाई यसले प्रतक्ष्य असरगरेको छ। यी देखि वाहेक कोभिड-१९ को असरले राज्यका सबै सेवाहरू अवरुद्ध भएका छन्र सेवाग्राहीहरूले सास्ती भोगी रहेकाछन् । दैनिक सेवा दिने सरकारी निकायहरू, निजि क्षेत्रहरु लगायत सेवा लिने र दिने दुवै पक्षमा परेका छन् । त्यस्तैगरी, ढुवानी व्यवस्था सहज नहुँदा अत्यावश्यक खाद्य सामाग्री, निर्माण सामाग्री, पेट्रोलियम पदार्थलगायत सबै क्षेत्रको आपूर्तिमा समस्या आएको छ जसले गर्दा मूल्य वृद्धि, कालो बजारी लगायतको समस्यासमेत सृजना हुन पुगेको छ । समयमा खोपको आपूर्ति नहुदा यसको नियन्त्रणमा थप जटिलता उत्पन्न हुन पुगेको छ भने रोग नियन्त्रण भन्दा झन् नया स्वरुपमा नया नया भेरिएन्टहरु देखिन थालेका छन। एक पछि अर्को संक्रमणको लहरले जनजीवन झन् त्रशित बन्ने अवस्थाको सिर्जना भएको छ।

**सन्दर्भ सामाग्रीहरु**

अर्थ मन्त्रालय (२०७७) । *आर्थिक सर्वेक्षण २०७६/०७७,* काठमाडौं ।

अर्थ मन्त्रालय (२०७८) । *आर्थिक सर्वेक्षण २०७७/०७७८,* काठमाडौं ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (२०२०) । कोभिड-१९ ले उद्योग क्षेत्रमा पारेको प्रभाव संक्षिप्त अध्ययन, सिंहदरबार काठमाडौँ नेपाल।

थापा, ममता(२०७८) ।उद्योग व्यवसाय पुनः प्रभावित हुनसक्छ, आर्थिक अभियान दैनिक, https://www.janatasamachar.com/detail/256548

नेपाल राष्ट्र बैंक (२०७७) । *कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी सर्वेक्षण प्रतिवेदन*, ने.रा.बै., अनुसन्धान विभाग, काठमाडौं ।

न्यौपाने, नारायण (२०२०) । *नेपालमा कोरोना कोभिड १९भाइरस असर र भावी दिशा*, https://www.prasashan.com/2020/05/30/180625/

भण्डारी, गोपाल (२०७५) । *नेपालमा खानी क्षेत्रको विकास,* https://nepalpatra.com/science/39463/

रेग्मी, बिमला (२०७७) । *समृद्धि र रोजगारीका लागि कृषि,* https://ekantipur.com/opinion/2020/07/14/15947010857712469.html

साउद, खगेन्द्र (२०१९) । *नेपालको आर्थिक विकासका विविध पाटाहरू,* https://www.prasashan.com/2019/05/23/120489/

शाह, सन्दिप कुमार (२०२०) । *युवा रोजगारीको अवस्था र सम्भावनाका क्षेत्रहरू,* https://www.prasashan.com/2020/11/19/206650/

ADO (2021). ASIAN DEVELOPMENT OUTLOOK 2021 APRIL 2021 FINANCING A GREEN AND INCLUSIVE RECOVERY, Asian Development Bank, Mandaluyong City, 1550 Metro Manila, Philippines. https://www.adb.org/sites/default/files/publication/692111/ado2021.pdf

General Federation of Nepalese Trade Unions (GEFONT) (2020). Report on Rapid Assessment on the problems faced by the workers due to COVID-19 May 26, 2020, Kathmandu, Nepal. https://gefont.org/assets/upload/downloads/Final_GEFONT_Rappid_Study_Report_2077_during_Covid_19_(ENG).pdf

NPC & ILO (2018). Report on the Nepal Labour Force Survey 2017/18, Central Bureau of Statistics, Kathmandu, Nepal

ILO (2020). *COVID-19 labour market impact in Nepal*, International LabourOrganization.

International Monetary Fund (2021). World Economic Outlook: Managing Divergent Recoveries. Washington, DC, April.

UN (2021). COVID-19 Nepal: Preparedness and response plan, (CPRP), UN House Kathmandu.https://nepal.un.org/sites/default/files/2021-01/10_January_Revision.

World Bank (2020). *Jobs Diagnostic Nepal*. International Bank for Reconstruction and Development / The World Bank. 1818 H Street NW, Washington, DC 20433, USA. JOBS SERIES, Issue No. 22

World Bank. (2021). *Global Economic Prospects*, June 2021. Washington, DC World Bank. doi:10.1596/978-1-4648-1665-9. License: Creative Commons Attribution CC BY 3.0 IGO.

Worldometer (2021). COVID-19 coronavirus pandemic, retrieved fromhttps://www.worldometers.info/coronavirus/